# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६५/४/३१ गते शुक्रवार देखि २०६५/५/५ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८२ कम्पनीहरुको कारोबार भएको छ। जस अनुसार ३७४८ कारोवारबाट ५७ करोड ६८ लाख ४९ हजार रुपैयाँ बराबरका ४ लाख ८८ हजार ३ सय ९४ कित्ता शेयरहरु खरीदविक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा २८.९० प्रतिशतले ह्रास भएको हो । गत साता ४८१७ शेयर कारोवारबाट ८१ करोड १३ लाख ३२ हजार रुपैयाँ बराबरका ७ लाख ६८ हजार २ सय ५५ कित्ता शेयरहरु खरीदविक्री भएका थिए।

कुल कारोवारमध्ये 'क' बर्गका कम्पनीहरुको मात्र ४६ करोड १५ लाख रुपैयाँ बराबरको कारोवार भएको छ। यो कुल कारोबारको ८०.०१ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा १३.६३ अंकले ह्रास भई अन्तिम दिन १०६२.२४ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ११२७.१४ | ४२६.२५ | २५७.४७ | ७६९.२१ | १२८६.९७ | २०३.१४ | ८४०.३३ | ११९८.२१ | १४८७.८६ | १०७५.८७ | २८७.६६ |
| दोस्रो | ११०१.१८ | ४२८.८५ | ३६०.१५ | ७६९.२१ | १२८५.१६ | २०३.१४ | ८४०.९४ | ११९२.०० | १४८३.१३ | १०५७.५३ | २८२.०१ |
| तेस्रो | ११११.०७ | ४३३.०० | ३६०.१५ | ७६९.२१ | १२८६.९५ | २०३.१४ | ८४१.०५ | ११९१.४२ | १४७८.०९ | १०६४.२८ | २८४.२६ |
| चौथो | ११०७.६५ | ४४१.९२ | ३६०.१५ | ७६९.२१ | १२८४.८० | २०३.१४ | ८५९.७७ | ११८४.१८ | १४७९.२९ | १०६२.२४ | २८३.६१ |
| परिवर्तन | -१९.४९ | १५.६७ | २.६८ | ०.०० | -२.१७ | ०.०० | १९.४४ | -१४.०३ | -८.५७ | -१३.६३ | -४.०५ |

'क' वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ४.०५ अंकले ह्रास भई २८३.६१ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (१३ करोड ११ लाख रुपैयाँ) तथा कारोवार संख्या (३९१) को आधारमा नेपाल इन्भेष्टमेन्ट वैंक र शेयर संख्या (५० हजार) को आधारमा नेपाल क्रेडिट एण्ड कमर्स वैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | नेपाल इन्भेष्टमेन्ट वैंक | १३१.१९ |
| २ | स्ट्याण्र्डड चाटर्ड वैंक | ४०.२० |
| ३ | किष्ट मर्चेन्ट फाइनान्स | ३६.११ |
| ४ | वैंक अफ काठमाण्डौ | ३२.६१ |
| ५ | नेपाल ई. एण्ड कमसिर्यल वैंक | ३०.३७ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ४ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोवार भएन ।

**सूचिकरण तर्फ**

यस साता सूचिकरण तर्फ निम्न वमोजिमका कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | प्रभु फाइनान्स कम्पनी लिमिटेड | साधारण शेयर | १६,००,००० कित्ता |

## आ.व. २०६५।६६ को कार्यक्रम सम्वन्धी प्रेश विज्ञप्ति

आ.व.२०६५।६६ को कार्यक्रम प्रस्तुत गर्नु अघि आ.व.२०६४/६५ को कार्यक्रमको प्रगति समीक्षा गरिएको छ :

धितोपत्र वजारको ईतिहासमा आ.व. २०६४।६५ मा स्टक एक्सचेञ्जले ठूलो फड्को मारेको वर्षको रुपमा रहेको छ । २०६४ भाद्रदेखि १४ वषदेखि अपनाइएको खुल्ला वोलकवोल प्रथा हटाएर अर्न्तराष्ट्रिय मान्यता प्राप्त स्वचालित कम्प्युटरकृत कारोबार प्रणालीको शुरुवात गरियो जसबाट यो बजार आधुनिकीकरणको चरणमा प्रवेश गरी CDS स्थापनाका लागि मार्ग प्रशस्त भएको छ ।

एक्सचेञ्जले परिमार्जित website: www.nepalstock.com मार्फत २०६४ मार्ग देखि कारोबारको Live Activities (Real Time Information) दिन शुरु गरेको छ । २०६४ असोज देखि नै WAN मा आधारित गरी दलालको कार्यालयबाट यस स्टक एक्सचेन्जसंग Online Trading समेत शुरुवात गरी २०६५ आषाढ भित्र पूरै दलालहरु WAN अर्न्तगत कारोबार गरिरहेका छन् । यसबाट दलाल व्यवसायी तथा लगानीकर्तालाई विशेष सुविधा पुग्न गएको छ ।

कारोबार चाप वढी समय कम भएको महशूष गरी खासगरी स-साना लगानीकर्ताहरुलाई समेत लाभान्वित गराउने उद्देश्यले शुरु देखि दुई घण्टाको कारोबार समयलाई हालै तीन घण्टा वनाईएको छ भने बजारलाई सुधार गर्दै लैजाने क्रममा एकै दिन नेप्से ईण्डेक्सको उच्च परिवर्तन भएमा बजारको पूरै कारोबार वन्द गर्ने (Trading halt) लगानी मैत्री (Investors' Friendly) व्यवस्थाको समेत शुरुवात गरिएको छ । त्यस्तै गरेर लगानीकर्ता सहित सरोकारवालाहरुलाई वढी सूचना उपलब्ध गराउने उद्देश्यले २०६४ चैत्र देखि NEPSE News Letter र Securities Market Statistics and Review को प्रकाशन शुरु गरिएको छ ।

२०६५ आषाढदेखि स्टक एक्सचेन्जको संरचनात्मक परिवर्तन गरिएको छ जस अनुसार यो संस्थाको पूँजी बृद्धि गरी

नाफामुलक संस्थामा परिणत गरी संचालक समितिमा मूख्यतः दलाल व्यवसायीको प्रतिनिधित्व समेत हटाईएको छ । यसबाट निजीकरणका गर्नका लागि मार्गप्रशस्त समेत भएको छ ।

हकप्रद शेयरको निस्सा कारोवार गर्ने व्यवस्था गरी Derivative Market को शुरुआत गर्ने कार्यक्रम अनुसार यस सम्बन्धी विनियमावली बनाई धितोपत्र बोर्डमा पठाइए तापनि कार्यक्रम भने शुरुआत हुन सकेन ।

खारेज भएका र सूचिकरण हुन नसकेका कम्पनीहरुको शेयरको खरीद/विक्री गराउने उद्धेश्यले ओ.टि.सी. बजार २०६५ आषाढदेखि संचालन गरिएको छ । तर यसको महत्व बुझाई कारोबार गराउने चुनौति भने रहेको छ । बजारलाई प्रतिस्पर्धात्मक बनाउन दलाल व्यवसायी संख्या वढाउन ईजाजत सिफारिशको लागि स्पष्ट एवं पारदर्शी छनोट विधि वनाई प्रकृया अगाडि वढाईए तापनी दलाल संख्या बढाउन सकिएन ।

यस स्टक एक्सचेञ्जले शेयर बजारलाई आधुनिक, विश्वसनीय र चुस्त बनाउदै लैजाने क्रममा २०६५/६६ को लागि तय गरेका मुख्य कार्यक्रमहरु देहाय अनुसार छन :

- दलाल व्यवसायीको सेवालाई चुस्त बनाउन Brokers' back office software बनाई छिट्टै कार्यान्वयन गर्ने कार्यक्रम छ भने अर्कोतर्फ लगानीकर्ताहरुलाई Internet Trading को software बनाई Internet Trading को शुरुआत गरिने कार्यक्रम राखिएको छ जसबाट बजारले आधुनिकीकरणको अर्को फड्को मार्नेछ ।
- हालसम्म काठमाडौंमा धितोपत्र कारोबार केन्द्रित भैरहेको परिप्रेक्ष्यमा काठमाडौं बाहिर मुख्यत विराटनगर, वीरगञ्ज, भैरहवा र नेपालगञ्जमा क्रमशः कारोबार शुरु गरी काठमाडौं बाहिरका लगानीकर्ताहरुलाइ सेवा पुऱ्याउने कार्यक्रम राखिएको छ ।
- **लगानी चेतना अभिबृद्धि गरी पत्रकारीतामार्फत स्टक अर्थात धितोपत्र बजारमा विशेष योगदान गर्ने पत्रकारहरुलाई पुरस्कृत गर्ने उद्देश्यले स्टक पत्रकारिता पुरस्कार स्थापना गरिएको छ जस अन्तर्गत प्रत्येक वर्ष दिईने रु.२५ हजारको पुरस्कार यसै वर्षदेखि प्रदान गरिनेछ ।**
- धितोपत्रको नामसारी प्रक्रियालाई छरितो बनाउन तथा जालसाजी रोक्न केन्द्रीय निक्षेप प्रणाली (CDS) स्थापना गरीने कार्यक्रम छ ।
- दलाल व्यवसायीको सेवालाई गुणात्मक र प्रतिस्पर्धी बनाउने उद्देश्यले एकातर्फ २७ दलाल थप गर्ने र दलाल थप्ने सम्बन्धमा स्टक एक्सचेन्जको पूर्वाधारको विकास र नियमनकर्ताहरुको नियमन एवं सुपरीवेक्षण क्षमताको विकासको साथसाथै क्रमशः खुला नीतितर्फ अग्रसर हुनेछ भने अर्कोतर्फ बैंक तथा वित्तीय संस्थाको सहायक कम्पनीमार्फत समेत दलाल व्यवसायी र बजार निर्माता समेत थप गर्ने व्यवस्था गरीनेछ ।
- लगानीकर्तालाई वजार सम्बन्धी जनचेतना अभिबृद्धि गर्न विभिन्न कार्यक्रमका साथै दलाल व्यवसायीमार्फत पनि जनचेतना अभिबृद्धि कार्यक्रम राखिएको छ ।
- सूचिकृत कम्पनीहरुको परिसूचात्मक प्रोफाईल प्रकाशन गर्नुका साथै बजारको अस्थीरता (volatility) अध्ययन गराउने कार्यक्रम छ ।
- पुराना विनियमावलीहरुलाई खारेज गरी धितोपत्र कारोबार र राफासाफ, स्टक एक्सचेञ्ज सदस्यता र सूचिकरण सम्बन्धी तीन विनियमावलीहरु छिट्टै ल्याई बजारमा व्यापक सुधार गर्ने कार्यक्रम छ ।
- लगानीकर्ताहरुलाई धितोपत्र कारोवारका लाईभ गतिविधिहरु उपलब्ध गराउन काठमाडौंको पुतलीसडक वा नयाँसडकमा Display Board राखिनेछ ।
- साथै धितोपत्र बोर्डमा पठाइएको हकप्रद निस्साको कारोवार विनियमावली त्यहाँबाट आउनासाथ हकप्रद शेयरको निस्सा ( Right Renounce) कारोवार शुरु गरी धितोपत्र बजारमा नयाँ अध्याय थपिने छ ।